मे २०, २०२०

UW–Madison को मार्गदर्शन:
Furlough, *Work-Share* कार्यक्रम, पुनः नियुक्ति तथा बिदा प्रावधान

UW–Madison का कर्मचारीहरू जस्तोसुकै चुनौतीपूर्ण अवस्थामा पनि सामुदायिक रूपमा एकसाथ काम गर्ने र चुनौतीको सामना गर्ने बलियो परम्परा रही आएको छ। हाम्रो वर्तमान अवस्थामा पनि *COVID-19* महाव्याधिको कारणले आएको आर्थिक सङ्कट समाधान गर्न छोटो समयको लागि मितव्ययी (*cost-saving*) बाटो अपनाउन हामी बाध्य भएका छौँ।

मितव्ययिताको लागि क्याम्पस व्यापी *furlough*, *Work-Share* कार्यक्रम , कर्मचारीको कार्यपद-विशेष *furlough* तथा पुनः नियुक्तिका प्राबधानलाई अङ्गीकार गरेका छौँ। यस पत्रमा मितव्ययिताका उपरोक्त माध्यमको साथ साथै *COVID-19 Pandemic Leave Policy* बिदा नीतिलाई प्रष्ट्याइएको छ। कर्मचारीका लागि थप सूचनाहरू र लगातार सोधिने प्रश्नहरू संलग्न लिङ्कमा उपलब्ध छन्: hr.wisc.edu/covid19/furlough.

क्याम्पस व्यापी *furlough* (*Campus-Wide Furloughs*)

धेरै कर्मचारीहरूले मे १५ देखि अक्टोबर ३१, २०२० को बीचमा बिना तलबको *furlough* लिनेछन्। ९ महिने *(C-basis)* नियुक्ति भएका कर्मचारीहरूले भने अगष्ट १ देखि अक्टोबर ३१, २०२० को बीचमा बिना तलबको *furlough* लिनेछन्।[1]

Furlough समयको संख्या

Furlough कति दिन लिने भन्ने कुरो कर्मचारीको वार्षिक तलबमा रेटमा निर्भर गर्दछ।

कूल तलब	१२ महिनाको लागि तोकिएको *furlough* दिन	९ महिनाको लागि तोकिएको *furlough* दिन
$50,000 भन्दा कम	3 दिन	2 दिन
$50,000 - $80,000	4 दिन	3 दिन
$80,001-$150,000	5 दिन	4 दिन
$150,000 भन्दा बढी	6 दिन	5 दिन

हरेक बेतलबी *Furlough* बिदा दिनको 8 घण्टा बराबर हुनेछ। (जस्तै- 4 दिन *Furlough* बिदा बराबर 32 घण्टा)।

९-महिने नियुक्त कर्मचारी

माथिको चार्ट अनुसार ९ महिने नियुक्ति पाएका कर्मचारीले गुमाउने कूल आम्दानी र १२ महिने नियुक्ति पाएका कर्मचारीले गुमाउने कूल आम्दानी हाराहारी नै हुनेछ।

[1] यदि ९-महिने नियुक्त *(C-basis)* कर्मचारीले अक्टोबर ३१, २०२० भित्र बेतलबी *Furlough* बिदा उपभोग गर्न नसकेमा नोभेम्बर वा डिसेम्बरमा २०२० मा पनि बेतलबी *Furlough* बिदा मौज्दात उपभोग गर्न सक्नेछन्।

अल्पकालीन *Part-Time* कर्मचारी

अल्पकालीन *Part-Time* कर्मचारीको बेतलबी *Furlough* बिदा समय उसको नियुक्तिको समानुपातिक प्रतिशतमा (% पूर्णकालीन कर्मचारीको समानताको आधारमा) हुनेछ। दैनिक *Furlough* बिदा घण्टाको गणना निम्न तीन विधिबाट हुनेछ। (1) अल्पकालीन नियुक्ति समायोजन नगरी बार्षिक तलबको आधारमा *Furlough* बिदा समय गणना, (2) अल्पकालीन नियुक्ति प्रतिशतलाई पूर्णकालीन *Furlough* बिदा समयले गुणन गरेर, र (3) समानुपातिक *Furlough* बिदा समयलाई गुणन गरेर 8 ले भागा गर्ने र नजिकको पूर्ण घण्टामा रुपान्तरण गरेर। घण्टा गणनाको उदाहरण hr.wisc.edu/covid19/furlough उपलब्ध छ।

बहु-पद धारक (*Multiple Positions*)

UW–Madison मा एकभन्दा बढी पदमा नियुक्त कर्मचारीको *Furlough* बिदा समय उसको प्रत्येक पद अनुसार अलग अलग गणना गरिनेछ। दैनिक *Furlough* बिदा समयको गणना निम्न चार विधिबाट हुनेछ। (1) हरेक पदकोलागि अल्पकालीन *Part-Time* नियुक्ति समायोजन नगरि तोकिएको बार्षिक तलबको आधारमा, (2) हरेक पदकोलागि उसको नियुक्तिको प्रतिशतमा (% पूर्णकालीन कर्मचारीको समानताको आधारमा) बेतलबी *Furlough* बिदा गुणन गरेर, (3) हरेक गदकोलागि समानुपातिक बेतलबी *Furlough* बिदालाई घण्टामा गुणन गरेर 8 ले भाग गर्ने र नजिकको पूर्ण घण्टामा रुपान्तरण गरेर, र (4) हरेक पदमा हुन आउने बेतलबी *Furlough* बिदा घण्टा जोडेर, जुन बहु-पद धारक कर्मचारीको कूल बेतलबी *Furlough* बिदा बराबरको घण्टा लिनु पर्नेछ। घण्टा गणनाको उदाहरण hr.wisc.edu/covid19/furlough उपलब्ध छ।

छुट पाउने कर्मचारीहरू (*Exempted Employees*)

तल उल्लेखित कुनै पनि पदमा क्याम्पस-व्यापी *Furlough* लागु हुने छैन :

- *H-1B* वा *E-3* अनुसार काम गर्न अनुमति पाएका विदेशी कामदारहरू। (सङ्घिय सरकारको प्रावधान अनुसार *UW–Madison* मा *H-1B* वा *E-3* भिषामा काम गर्ने विदेशी कर्मचारीहरूलाई उनिहरूले गर्ने काम नभए पनि पूर्ण-कालीन कर्मचारी सरह भुक्तानी दिनु पर्नेछ।)
- विद्यार्थी सहायक वा विद्यार्थी सहयोगि कामदारहरू
- *Post-Degree* तालिममा नियुक्तहरू *(e.g., postdocs)*
- नेतृत्व कर्ता जसले स्वेच्छिक तलब घटाएका हुन्छन्
- पूर्ण-कालीन बाहेकका नियुक्तिहरू (जस्तै-अस्थायि कर्मचारी, घण्टे शैक्षिक कर्मचारी, र एकमुष्ठ भुक्तानी पाउने कर्मचारी)
- कामको बाँड-फाँट कार्यक्रमका कर्मचारी वा कार्यपद-विशेष *Furlough* का कर्मचारीहरू

***Furlough Time* को निर्धारण तथा रिपोर्ट**

कर्मचारीहरूको *furlough* बिदा निर्धारण तथा रिपोर्ट विधि सामान्य कार्य तालिका र पाकेको बिदा स्विकृत गराउने विधि अनुसार नै हुनेछ। केहि विषेश परिस्थितिमा भने विभाग वा कार्य इकाईले सबै कर्मचारीले *furlough* बिदा लिने गरि निश्चित बिदाको दिन निर्धारण गर्न सक्नेछन्।

सबै कर्मचारीहरूले अनिवार्य *furlough* बिदा रिपोर्ट गर्नु पर्नेछ। कर्मचारीको बिदा रिपोर्ट गर्ने आवश्यकता उनिहरूको पदको वर्गीकरण अनुसार फरक हुन सक्नेछ। कसरी *furlough* बिदा रिपोर्ट गर्ने भन्ने विस्तृत जानकारी *MyUW* को *Detailed instructions* मा उपलब्ध छ। *Furlough* बिदा रिपोर्ट *MyUW* मा भएको बिदा र अनुपस्थिति मानक अनुसार हुनेछ।

भुक्तानी कटौती

कमर्चारीहरूको भुक्तानी कति कटौती हुन्छ भन्ने कुरा उनिहरूको पद वर्गीकरण अनुसार फरक पर्नेछ।

केहि कर्मचारीको भुक्तानी कटौती बिदामा बसे पनि नबसे पनि *furlough* अवधि भरीमा समान मूल्यमा हुनेछ। (मे १५ देखि अक्टोबर ३१, २०२० सम्म १२ महिने नियुक्तिकोलागि, र अगष्ट १७ देखि अक्टोबर ३१, २०२० सम्म ९ महिने नियुक्तिको लागि)। तल वर्गीकरण गरिएका कर्मचारीहरूको भुक्तानी कटौती *furlough* अवधि भरीमा समान मूल्यमा हुनेछ।

- संकायका कर्मचारीहरू
- निर्देशन दिने शैक्षिक कर्मचारीहरू
- छुट नपाउने *nonexempt* विश्वविद्यालय कर्मचारीहरू (कार्य घण्टा अनुसार भुक्तानी पाउने)
- शैक्षिक कर्मचारीहरू (कार्य घण्टा अनुसार भुक्तानी पाउने)
- व्यपार तथा शिल्पी कामदारहरू
- वकिलहरू
- चिकित्सकहरू
- खेल प्रशिक्षकहरू

अन्य कर्मचारीहरूको हकमा जुन भुक्तानी अवधि *pay period* मा *furlough* बिदा लिएको हो सोही अवधिमा भुक्तानी कटौती हुनेछ। यी कर्मचारीहरूले जुन कार्य हप्तामा *furlough* बिदा लिएको हो सोही भुक्तानी अवधि *pay period* मा सूचित गर्नु पर्नेछ। तल अनुसार वर्गिकृत कर्मचारीहरूको जुन अवधीमा *furlough* बिदा लिएको हो भुक्तानी कटौती कुनै पनि भुक्तानी अवधि *pay period* मा हुनेछ।

- छुट पाउने *exempt* गैह्र निर्देशक शैक्षिक कर्मचारीहरू (तलब तोकिएका)
- छुट पाउने *exempt* विश्वविद्यालय कर्मचारीहरू (तलब तोकिएका)
- छोटो समयका कर्मचारीहरू

बेतलबी *furlough* बिदा छल्ने उद्देश्यले कर्मचारीहरू कुने पनि सञ्चित बिदा, पाकेको बिदा, बिरामी बिदा, वा व्यक्तिगत बिदा लिन पाउने छैनन्।

रोजगारीको निरन्तरता

क्याम्पस-व्यापी *furlough* बिदा अवधिमा कर्मचारीहरूको रोजगारी *UW–Madison* कर्मचारी सरह निरन्तर रहनेछ।

***Work-Share* कार्यक्रम**

क्याम्पसको कार्य युनिटहरूले कामको *Work-Share* कार्यक्रम लागु गर्न सक्नेछ जसबाट कर्मचारीहरूको। कर्मचारीको कार्य-घण्टा घटाइने कार्यविधि मे १५, तारिख भन्दा पहिले हुनेछैन र अक्टोबर ३१, २०२० सम्म लम्ब्याउन सक्नेछ। कामको *Work-Share* कार्यक्रमले रोजगारदातालाई कर्मचारीको १० देखि ६० प्रतिशत सम्म कार्य घण्टा घटाउन अनुमति दिनेछ र कर्मचारी आफ्नो गुमेको आम्दानीको समयको बेरोजगारी भत्ता (*unemployment benefits)* दाबी गर्न सक्नेछन्। हालै बृद्धि गरिएको सङ्घिय बेरोजगारी बीमा कोष सुविधाहरू अनुसार यो अवस्थामा धेरै न्यून आय भएका कर्मचारीहरू जुलाई, २०२० को अन्त्यसम्म हाल खाईपाई आएको

तलब बराबरको पूरक बेरोजगारी भत्ता पाउन योग्य हुनेछन्। यो कार्यक्रमको कार्यान्वयनबाट विश्वविद्यालयलाई कामको चाप कम भएको र आकस्मिक बजेट बाँडफाँटको अवस्थामा आफ्ना दक्ष कर्मचारीहरू आफूसँगै राख्न र उनीहरूको कार्य-घण्टा घटाएर पनि पूरक बेरोजगारी भत्ताको माध्यमले गुमेको तलब/आम्दानी कायम राख्न सहयोग गर्नेछ।

कामको *Work-Share* क्रममा राखिएका कर्मचारीहरू माथि उल्लिखित क्याम्पस-व्यापी *furlough* कार्यक्रममा समावेश हुने छैनन्, र उनीहरूको रोजगारी *UW–Madison* कर्मचारी सरह कायम रहनेछ।

केहि वास्तविक एकाईहरूको मात्र कार्य घटाउँदा पनि *Work-Share* कार्यक्रममा ठूलो सङ्ख्यामा कर्मचारीहरूमा प्रभाव पर्नेछ। यदि कामको अभावमा, दुर्गमबाट कार्य सम्पतदन गर्न नसकिने अवस्थामा, वा वित्तीय प्रभावको कारणले क्यम्पसका अन्य एकाईहरूमा कैमचारीको कार्यघण्टा घटाउन तल अनुसारका विकल्पहरू कार्यान्वयन गरिनेछ।

पुनः नियुक्ति (*Reassignments*)

सुपरभाईजरले विश्वविद्यालयको कार्य सञ्चालन आवश्यकताको आधारमा चाहिने कर्मचारी खटाउन/नियुक्त गर्न र उनीहरूको कार्य-घण्टा निर्धारण गर्ने छन्। पुनः नियुक्ति गर्दा कर्मचारीको नियमित कार्यस्थल वा पहिले गरी रहेको काम नहुन पनि सक्नेछ। यसका साथै कर्मचारीलाई अत्यावश्यक सेवा प्रदान गर्न कामको प्रकृति र कर्मचारी आवश्यकता अनुसार *UW–Madison* मा वा *State of Wisconsin* मा पनि पुनः नियुक्ति गर्न सकिनेछ। यसरी पुन: नियुक्ति गर्दा कर्मचारीहरूको नियमित श्रेणि तथा *FLSA* अवस्था कायम राख्ने विधि अनुसरण गरिनेछ। उदाहरणको लागि, विश्वविद्यालयको एक स्थानको छुट नहुने *nonexempt* कुनै कर्मचारी विश्वविद्यालयकै अर्को स्थानमा छुट नहुने *nonexempt* कर्मचारीमा पुनः नियुक्ति हुन योग्य हुनेछ र उसको नियमित श्रेणि तथा *FLSA* अवस्थामा भिन्नता हुन नदिने तर्फ सचेत रहनेछ।

वर्तमान क्याम्पसको आकस्मिक कामको आवश्यकता र नियमित विश्वविद्यालय सञ्चालन प्रक्रिया वा *State of Wisconsin* मा कर्मचारीको आवश्यकता अनुसार कर्मचारीको दक्षता र कार्यकुशलता परिस्थिति अनुसार युक्ति सङ्गत प्रक्रियाबाट कर्मचारीहरूलाई पुनः नियुक्ति गरिनेछ।

कार्यपद-विशेष *furlough* (*Position-Specific Furloughs*)

यदि कुनै कर्मचारी कार्य कक्ष भन्दा बाहिरबाट काम गर्न असमर्थ हुन्छ भने कामको अभावमा क्याम्पस कार्य ईकाइले उसलाई बाध्यता पूर्वक तलब बिनाको बिदा (*continuous furlough*) बस्न भन्न सक्नेछ। कार्य सञ्चालनको आवश्यकता अनुसार कर्मचारीको कार्य सूचि आंशिक वा पूरा घटाउने वा कहिले सम्म बिदा बस्ने भन्ने कुरा निर्धारण गर्नेछ।

कर्मचारीले कार्यपद-विशेष *furlough* (*Position-Specific Furlough*) छल्न आफ्ना पाकेका बिदा, सञ्चित बिदा, बिरामी बिदा, वा व्यक्तिगत बिदा लिन पाईने छैन, तर बेरोजगारी सुविधाहरू (*unemployment benefits*) सुविधा लिन सक्नेछन्। बृद्धि गरिएको संघीय कोषको आधारमा न्यून आय भएका कर्मचारीहरूले पूरक बेरोजगारी भत्ता जुलाई, २०२० को अन्त्य सम्म वर्तमान पाउने तलब बराबरको रकम पाउनेछन्।

कार्यपद-विशेष *furlough* मा रहेका कर्मचारीहरू माथि उल्लिखित क्याम्पस-व्यापी *furlough* मा समाविष्ट हुने छैनन्। यसरी प्रभावित कर्मचारीहरूको रोजगारी *UW–Madison* कर्मचारी सरह निरन्तर मानिनेछ।

बिना तलबको स्वैच्छिक बिदा (*Voluntary Leave without Pay*)

कर्मचारीहरू बिना तलब वा बेतलबी स्वैच्छिक बिदाको विकल्प बारेमा आफ्नो सुपरभाईजरसँग छलफल गर्न सक्नेछन्। यस्तो बिदाको समयावधि निर्धारण कर्मचारीको नियुक्ति पूर्णकालिक वा अल्पकालिकको आधारमा हुनेछ। यस्तो अवस्थामा यदि उनिहरूको निधारित *furlough* दायित्व कर्मचारीको स्वेच्छिक बेतलवी बिदा भन्दा कम भएमा कर्मचारीहरू माथि उल्लेखित क्याम्पस-व्यापी *furlough* मा समावेश हुन योग्य हुनेछन्। यसको अलावा कर्मचारीहरू अन्य *furlough* वा खर्च-बचत (*cost-saving*) कार्यक्रममा पनि समावेश हुन सक्नेछन्।

कर्मचारीको अनुपस्थित बिदाको असर, अरू सुबिधाहरू तथा बेरोजगारी भत्ता पाउन योग्य हुने वा नहुने सम्बन्धमा सम्बन्धित स्कूल, कलेज वा विभागका मानव संसाधन (*HR*) कार्यालयमा सम्पर्क गर्न सक्ने छन्।

आपत्कालीन बिदा *(Emergency Leave)*

जो कर्मचारी *COVID-19* महाव्याधिबाट प्रभावित भएका छन् उनीहरू *federal program* अन्तर्गत *Families First Coronavirus Response Act (FFCRA)* भनिने तलबी बिदाको लागि डिसेम्बर ३१, २०२० सम्म योग्य हुन सक्नेछन्।

यस्ता कर्मचारीहरू जो कार्यस्थल बाहिरबाट काम गर्न नसक्ने वा महाव्याधिबाट प्रभावित भएका बिरामी छन् उनीहरू *UW COVID-19* अन्तर्गतको तलबी बिदामा मार्च महिनाको मध्य देखि मे १५, २०२० सम्म बस्न सक्नेछन्। तर यस्तो तलबी बिदा मे १५, २०२० पछि भने उपलब्ध हुनेछैन।

अधिक जानकारीको लागि *COVID-19 Pandemic Leave Policy* हेर्नुहोला।

थप सहायक सामग्रीहरू (*Additional Resources*)

- *Furlough*, *Work-Share* कार्यक्रम, पुनः नियुक्ति र बिदाहरू, तथा बेरोजगारी भत्ता लगायतका विस्तृत सूचनाहरू एवं लगातार सोधिने प्रश्नका उत्तरहरू hr.wisc.edu/covid19/*furlough* मा उपलब्ध छन्।
- यदि तपाईंलाई अन्य प्रश्नहरू वा जिज्ञासाको उत्तर वा सहायता चाहिएमा तल सम्पर्क गर्नुहोला
    - तपाईंको विद्यालय, कलेज वा विभागको मानव संसाधन विभाग hr.wisc.edu/contact
    - मानव संसाधन विभागको कार्यालय (608) 265-2257 वा furlough@ohr.wisc.edu

अनुवाद र दोभाषे सेवाका लागि, कृपया सांस्कृतिक भाषागत सेवामा फोन गर्नुहोला:

ESPAÑOL / *SPANISH:* (608) 265-0838; HMOOB / *HMONG:* (608) 263-2217
རྒྱ་སྐད་ / *TIBETAN:* (608) 890-2545; 中文 / *CHINESE:* (608) 890-2628; नेपाली / *NEPALI:* (608) 262-7521